# मन्तव्य

मुलुकको दूरसञ्चार क्षेत्रमा ९ दशक भन्दा लामो व्यावसायिक सफलताको इतिहास बोकेको सरकारी दूरसञ्चार सँस्था "नेपाल दूरसञ्चार कम्पनी लिमिटेड"को रुपमा परिणत भए पछि आज माघ २२ गते नवौं वर्षमा प्रवेश गरेको छ। कम्पनीको आठौं वार्षिकोत्सव मनाउने यस कार्यक्रममा उपस्थित हुनु भएका प्रमुख अतिथि, विशेष अतिथि, अतिथि लगायत सम्पूर्ण महानुभावहरु प्रति कम्पनीका तर्फबाट हार्दिक अभिवादन तथा स्वागत गर्दछु।

बजार विस्तार सम्बन्धी तथ्याङ्क अनुसार गत ८-वर्षको अवधिमा कम्पनीको ग्राहक संख्या ४ लाख २२ हजारबाट वृद्धि भई गत पौष महिनामा ७३-लाख ६५-हजार नाघिसकेको छ। मुलुकको दूरसञ्चार बजारलाई समष्टिगतरुपमा हेर्ने हो भने नेपाल टेलिकम नै मुलुकको एक मात्र दूरसञ्चार सेवा प्रदायक हो, जसले मुलुकका पचहत्तरै जिल्ला र ३,९१५ वटै गा.वि.स.का कम्तिमा पनि सदरमुकाममा मोबाइल सेवा अन्तर्गत GSM र CDMA, स्थानीय सेवा अन्तर्गत PSTN र CDMA-Fixed तथा द्रुतगतिको Internet का लागि 3G, EVDO र ADSL जस्ता सेवाहरु सर्वसुलभ रुपमा उपलव्ध गराउँदै आइरहेकोछ। यसै गरी, मुलुकका अति दुर्गम स्थानहरुमा स्याटेलाइट प्रविधीको उपयोग गरी GSM र CDMA सेवा विस्तार गर्ने कार्यलाई कम्पनीले चालु आ.व.मा निरन्तरता दिएको छ भने उच्च गतिको इन्टरनेट सेवाको पहुँच सम्पूर्ण गा.वि.स.हरुमा पुऱ्याउन कम्पनीले चालु आ.व.मा WiMAX प्रविधीको उपकरण आपूर्ति गर्ने कार्यलाई पनि प्राथमिकताका साथ अगाडि बढाएको छ। यिनै सेवाहरुको विकास विस्तारबाट कम्पनीले मुलुकका शहरी र ग्रामीण क्षेत्रका बीचमा रहेको डिजिटल तथा ब्रोडव्याण्ड डिभाइड लाई न्यूनिकरण गर्दै मुख्यतः दुर्गम तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने सर्वसाधारण उपभोक्तावर्गको आर्थिक, सामाजिक, शैक्षिक एवं सांस्कृतिक उन्नतिमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने विश्वास लिएको छु।

आर्थिक तथ्याङ्क तर्फ गत आ.व. २०६६/६७ को कूल आम्दानी २७-अर्व २२-करोड रहेकोमा आ.व. २०६७/६८ मा ९.६५% ले वृद्धि भई कूल आम्दानी २९-अर्व ८५-करोड पुगेको छ। यसैगरी कम्पनीको आयकर पछिको मुनाफा आ.व. २०६६/६७ को तुलनामा १२.४८%ले बढोत्तरी भई आ.व. २०६७/६८ मा रु. १२-अर्व १२-करोड पुगेको छ।

चालु आ.व. २०६८/६९ मा कम्पनीको लक्ष्य तर्फ हेर्ने हो भने कूल राजश्व रु. ३१-अर्व हुने र खुद नाफा रु. १२-अर्व हुने अनुमान गरिएकोमा हालको ६-महिनाको स्थितिलाई हेर्दा लक्ष्य बमोजिम उपलब्धि हुने देखिएको छ। यसरी प्रति वर्ष प्राप्त भई रहेको आर्थिक समृद्धिलाई चालु आ.व.मा पनि निरन्तरता दिन कम्पनी सफल हुने देखिएको छ।

मुलुकको दूरसञ्चार क्षेत्रमा सन् २००३ सेप्टेम्बर देखि शुरु भएको व्यावसायिक प्रतिस्पर्धा तथा अन्य सेवा प्रदायकहरुको रणनीतिक उपस्थितिको अवस्थामा पनि कम्पनीका सेवा सुविधाहरु प्रति उपभोक्तावर्गको निरन्तर विश्वासले कम्पनीलाई थप ऊर्जा र उत्साह प्रदान गरेको छ। उपभोक्तावर्गको सद्भाव र शुभेच्छाबाटै अभिप्रेरित भई कम्पनीले सेवा विस्तारमा थप लगानी र प्रयत्न गर्दै आएको छ। आयोजना कार्यान्वयन तर्फ २०-लाख IP-CDMA आयोजना अन्तर्गत उपकरण जडानको कार्य सुचारु रहेको छ भने एक करोड GSM लाईनका लागि उपकरण आपूर्तिको कार्य पनि अगाडि बढिरहेको छ। सेवा विस्तारको यस प्रयासमा कम्पनीको अर्को महत्वाकांक्षी आयोजना "Convergent Real Time Billing & Customer Support System" ले कम्पनीका सेवाहरुको एकिकृत बिलिङ तथा उच्चस्तरिय ग्राहक सेवा विस्तार गर्न महत्वपूर्ण भूमिका खेल्नेछ। यिनै प्रयासहरुले एकातर्फ कम्पनीको बजार विस्तारमा दूरगामी सकारात्मक प्रभाव पार्नेछ भने अर्को तर्फ प्रतिक्षारत ग्राहकवर्गले कम्पनीका उच्च गुणस्तरिय सेवा सुलभ रुपमा उपभोग गर्न पाउने छन्।

कम्पनीको कार्य प्रणालीलाई चुस्त र पारदर्शी बनाउँदै आन्तरिक सशक्तिकरणलाई सुदृढ गर्न कम्पनीले सबै निर्देशनालय, विभाग तथा कार्यालयहरुलाई ERP (Enterprise Resource Planning) प्रणालीमा आवद्ध गरी सम्पूर्ण कर्मचारीको रेकर्ड राख्ने कार्य सम्पन्न गरिसकेको छ। कम्पनीका सबै आर्थिक कारोवार ERP मार्फत् गर्ने क्रममा रहेको छ भने कम्पनीका सम्पूर्ण कर्मचारीहरुको Payroll आगामी श्रावण २०६९ देखि अनिवार्य सञ्चालनमा ल्याइने छ। यस ERP प्रणालीले कम्पनीको Inventory Management, Financial Management, Asset management र HR Management लाई अद्यावधिक, चुस्त र पारदर्शी बनाउन मद्दत पुऱ्याउनेछ।

नेपाल विद्युत प्राधिकरणसंगको सम्झौता अनुसार प्राधिकरणको पूर्वाधार प्रयोग गरेर कम्पनीले ३०० कि.मी. Optical Fiber Cable/ADSS जडान गरी नेटवर्क विस्तार गर्ने तर्फ कार्य अगाडि बढिरहेको छ भने कूल २,७०० कि.मी. जडान पश्चात् २८ जिल्लालाई भरपर्दो Optical Network मा आवद्ध गर्ने कम्पनीको लक्ष्य पूरा हुने छ।

धेरै नेपालीहरु बसोबास गर्ने विश्वका १० मुलुकहरुका सेवा प्रदायकहरुसंग प्रत्यक्ष अन्तरआवद्धता गरी कल आदान प्रदान गर्ने कम्पनीको योजना अनुसार भारत, कतार, मलेसिया, यु.ए.ई. र बङ्गलादेशका दूरसञ्चार सेवा प्रदायकहरुसँग सम्झौता भई सकेकोछ। यसै गरी सिङ्गापुरमा कम्पनीको PoP (Point-of-Presence) सञ्चालनमा ल्याई सकिएको छ भने हङकङ तथा कतारमा सञ्चालन हुने प्रक्रियामा रहेको छ। यी प्रयासहरुबाट एकातर्फ रोजगारी तथा अध्ययनको सिलसिलामा विदेशमा बसोबास गरिरहेका नेपालीहरुलाई विश्वसनीय तथा सहुलियतपूर्ण दूरसञ्चार सेवाको माध्यमबाट आफ्नो पारिवारिक र सामाजिक सम्बन्ध सुदृढ गर्न सहयोग पुग्दछ भने अर्को तर्फ अन्तर्राष्ट्रीय सञ्जालको विस्तारबाट कम्पनीको व्यापार अभिवृद्धि गर्न टेवा मिल्नेछ।

आर्थिक उदारिकरण र प्रतिस्पर्धात्मक वातावरणमा संस्थालाई सक्षम र सक्रिय बनाई राख्ने उद्देश्यले सरकारको पूर्ण स्वामित्व रहेको संस्थानलाई सरकार कै नीति र योजना अनुसार कम्पनीमा परिणत गरिएको थियो। कम्पनीको रुपमा रहेतापनि हाल यस संस्थाको ९२% स्वामित्व नेपाल सरकार कै रहेको हुनाले एकातिर सरकारी नीति, नियमहरु निर्विकल्प रुपमा कम्पनीले पनि अनुशरण गर्नु पर्ने वाध्यता रहेको छ भने अर्कोतिर कम्पनीलाई कुन हदसम्म स्वायत्त बनाउने वा कम्पनीमा रणनीतिक साझेदार भित्र्याउने भन्ने विषयहरुमा पनि नेपाल सरकारको निर्णय नै महत्वपूर्ण हुने वास्तविकता मनन गर्नु उपयुक्त हुन्छ। यस वास्तविकतालाई मनन गर्दै कम्पनीको विकासकार्यमा बाधक रहेका ऐन नियमहरु सम्बन्धी व्यवस्थालाई उपयुक्त समयमा सम्बन्धित सरकारी निकायहरुबाट परिमार्जन गरिने अपेक्षा गरेको छु। हालै नेपाल सरकारको "सुशासन कार्ययोजना, २०६८" मा "प्रविधिको विकास र प्रतिस्पर्धा अनुकुल कम्पनीलाई अघि बढाउन विदेशी निवेश समेत रहने गरी" ६-महिनाको कार्यान्वयन अवधीमा Strategic Partner चयन गर्ने भन्ने उल्लेख भएकोले सोको कार्यान्वयन पश्चात कम्पनी थप प्रतिस्पर्धी हुन सक्षम हुने अपेक्षा गरेको छु।

कम्पनीका योजना तथा कार्यक्रमहरु समयमै सफलतापूर्वक सम्पन्न गर्न र ग्राहकवर्गलाई उच्चस्तरिय सेवा उपलव्ध गर्न कर्मचारीवर्गले विगतमा भन्दा थप कटिबद्ध भएर जिम्मेवारी बहन गर्ने विश्वास लिएको छु। कर्मचारीवर्गलाई आ-आफ्नो जिम्मेवारी प्रति उत्साहि र प्रतिवद्ध बनाई राख्न विगतमा जस्तै कर्मचारी युनियनहरुले महत्वपूर्ण भूमिका निर्वाह गरिरहने र व्यवस्थापनलाई पनि भिन्न आयामबाट सकारात्मक सहयोग प्राप्त भई रहने विश्वास लिएको छु। साथै कम्पनीका सबै तहका कर्मचारीहरुले न्यूनतम जनशक्ति र साधन श्रोतको अधिकतम सदुपयोग गर्दै उदाहरणीय रुपमा कम्पनीको उत्पादकत्व वृद्धि गरी प्रतिस्पर्धात्मक वातावरणमा कम्पनीको व्यावसायिक सफलता हासिल गर्न निरन्तर प्रयास गर्नु हुने छ भन्ने विश्वास लिएको छु।

कम्पनीका सेवाप्रति निरन्तर विश्वास गर्दै हामीलाई हौसला प्रदान गर्ने सम्पूर्ण उपभोक्तावर्गमा म कम्पनीको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु र भविष्यमा पनि शुभेच्छा र सहयोगको अपेक्षा गर्दछु। अत्याधुनिक प्रविधीयुक्त सेवामा सर्वसाधारणको पहुँच अझ व्यापक बनाउन कम्पनी प्रयत्नशील रहने छ र यी प्रयासहरुबाट व्यावसायिक कारोवारमा वृद्धि गर्दै शेयरधनी महानुभावहरुलाई उचित प्रतिफल प्रदान गर्दै जाने कम्पनीको दृढता पनि व्यक्त गर्दछु।

यस आठौं वार्षिकोत्सवको उपलक्ष्यमा सुगम देखि दुर्गम ग्रामीण क्षेत्रसम्म सहुलियत दरमा गुणस्तरीय दूरसञ्चार सेवा पुऱ्याउने प्रतिवद्धता पनि व्यक्त गर्दै कम्पनीले प्रदान गर्ने विभिन्न सेवाहरुको महसुलमा मिति २०६८/११/१ देखि लागु हुने गरी निम्न बमोजिम छुट, महसुल निर्धारण एवं परिमार्जन तथा जरिवाना मिनाहा गरेको जानकारी गराउँछुः-

(क) 3G Prepaid सिमकार्डको हाल रु. १,०००/- Talk Time सहितको Subscription Charge रु. १,५००/- लाई परिमार्जन गरी हाल कम्पनीको 3G Data Card सरह रु.१००/- को Data Usage (Talk Time) हुने गरी Subscription Charge रु. ३००/- कायम गर्ने।

(ख) CDMA प्रविधि अन्तर्गत EVDO सेवाको हाल कायम रहेको रु.२,०००/- Talk Time सहितको Subscription Charge रु. २,५००/- लाई परिमार्जन गरी हाल कम्पनीको 3G Data Card सरह रु.१००/- को Data Usage हुने गरी Subscription Charge रु. ३००/- कायम गर्ने।

(ग) GSM मोबाइल सेवामा IVR मार्फत् download गरिने Caller Ring Back Tone (CRBT) को लागि विद्यमान महसुल दर रु. ३/- लाई परिमार्जन गरी प्रति मिनेट रु. १/- (कर बाहेक) कायम गर्ने।

(घ) PSTN/CDMA Post-paid Fixed सेवा subscribe गर्दा हाल कायम रहेको Deposit/Credit Limit रु. १,५००/- लाई परिमार्जन गरी रु. ७५०/- कायम गर्ने।

(ङ) मिति २०६८/११/१ देखि लागु हुने गरी ३-महिनाका लागि PSTN/CDMA Post-paid Fixed सेवाको जडान खर्च तथा दर्ता निःशुल्क गर्ने।

(च) PSTN टेलिफोन अन्तर्गत एक अञ्चलमा रहेको आधारभूत टेलिफोन सेवा (PSTN, CDMA Fixed र VSAT) बाट अर्को अञ्चलमा रहेको PSTN, CDMA Fixed र VSAT सेवामा कल गर्दा लाग्ने विद्यमान महसुल दर रु. २/- लाई परिमार्जन गरी मिति २०६८/११/१ देखि ३-महिनाका लागि रु. १।५० प्रति मिनेट कायम गर्ने।

(छ) PSTN सेवामा हाल कायम रहेको ठाउँसारी गर्दा लाग्ने रकम रु. ५६५/- (VAT सहित) लाई परिमार्जन गरी रु. ३२०/- (VAT सहित) कायम गर्ने।

(ज) PSTN सेवाको २०६७ असार मसान्तसम्मको बक्यौता रकम मिति २०६८/११/१ देखि मिति २०६८ चैत्र मसान्तसम्म भुक्तानी गरेमा सोमा लाग्ने सम्पूर्ण जरिवाना मिनाहा गर्ने।

यसैगरी, कम्पनीको PSTN/GSM/CDMA/VSAT सेवाहरुमा "१४२४" कोड मार्फत अमेरिका र क्यानाडामा अन्तर्राष्ट्रीय कल गर्दा मिति २०६८/१०/१५ देखि ३-महिनाका लागि रु.१।७५ प्रति मिनेट महसुल दर कार्यान्वयन भई सकेको छ।

यस अतिरिक्त, कम्पनीका सेवाहरुको महसुल दरमा समयानुकुल परिमार्जन गर्दै ग्राहकवर्गलाई सहुलियत प्रदान गर्ने उद्देश्यले मिति २०६८/११/१ देखि लागु हुने गरी Internet Bandwidth Lease सेवाको 256 kbps र 512 kbps का लागि हालको प्रति महिनाको महसुल दरमा क्रमशः ३८% र ४७% छुट दिई रु. ५,०००/- र रु. ८,०००/- निर्धारण गरिएको छ भने 1-10 Mbps सम्म र 11 Mbps भन्दा माथिको Internet Bandwidth Lease सेवा लिने ग्राहकहरुका लागि हालको महसुल दरमा क्रमशः ५०% र ५७% छुट दिई रु. १५,०००/- र रु. १२,०००/- "per-Mbps" दर निर्धारण गरिएको छ।

यसैगरी, Volume-based ADSL सेवा तर्फ विद्यमान 3-GB per month र 6-GB per month को package मा हाल कायम रहेको महसुल दर भित्र क्रमशः 2-GB per month र 4-GB per month Usage Volume थप गरिएको छ।

अन्त्यमा,

कम्पनीको वार्षिकोत्सवको उपलक्ष्यमा आदरणीय उपभोक्तावर्ग, शेयरहोल्डर महानुभावहरु, तथा नेपाल सरकारका सम्बन्धित सबै निकायहरु प्रति आभार व्यक्त गर्दै कम्पनीको सफलताका लागि सक्रिय सम्पूर्ण कर्मचारीवर्गलाई धन्यवाद ज्ञापन गर्दछु। कम्पनीको श्रोत साधन तथा जनशक्तिको अधिकतम परिचालन गरेर दूरसञ्चार क्षेत्रमा कम्पनीले निरन्तर अग्रणी भूमिका निर्वाह गर्न प्रयत्नशिल रहने प्रतिवद्धता व्यक्त गर्दै कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरुमा पुनः स्वागत गर्दछु।

धन्यवाद।

(नेपाल टेलिकमको आठौं वार्षिकोत्सव समारोहमा प्रबन्ध निर्देशक श्री अमर नाथ सिंहले दिनुभएको मन्तव्य)
२०६८।१०।२२, नेपाल टेलिकम, केन्द्रीय कार्यालय।